नेपाल सरकार

संङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय

# जिल्ला विकास समितिको कार्यालय

चरिकोट, दोलखा

## लिलाम बढाबढ सम्वन्धी शिलवन्दी बोलपत्र आह्वानको सूचना

प्रथम पटक प्रकाशित मिति २०७३/०४/३०

यस कार्यालयका बेकम्मा तथा बेचल्तिका पूराना डोजर, ट्रक, मोटरसाईकल, ट्याक्टर लगाएत फलामका सामानहरु स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २१८ को उपनियम ६ बमोजिम गोप्य सिलबन्दी बोलपत्रको माध्यमबाट लिलाम बिक्री गर्नुपर्ने भएकोले निम्न शर्तहरुको अधिनमा रही ईच्छुक रजिष्टर कम्पनी, फर्म, व्यक्ति वा संस्थाले शिलवन्दी बोलपत्र पेश गर्नु हुन सम्वन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| सि.नं. | मालसामानको विवरण | न्यूनतम मुल्यांङ्कित अंक | कैफियत |
|---|---|---|---|
| १ | डोजर, ट्रक लगायत अन्य फलाम र पुरानो मोटर साईकल समेत | ११,२०,५००।- | |

शर्तहरु:–

1. सम्बन्धित कागजातहरु संलग्न भएको बोलपत्र फाराम यस कार्यालयबाट प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३० औं दिनसम्म कार्यालय समयभित्र रु. १,०००।०० (एक हजार) मात्र दस्तुर यस कार्यालयमा नगद (पछि फिर्ता नहुने गरी) बुझाई खरिद गर्न सकिने छ। साथै बोलपत्रसंग सम्बन्धित सम्पूर्ण कागजातहरु सार्वजनिक खरिद अनुगमन कार्यालयको website: www.bolpatra.gov.np र यस कार्यालयको वेभसाइट www.ddcdolakha.gov.np मा पनि हेर्न सकिने छ।
2. बोलपत्र खरिद गर्न ईच्छुक रजिष्टर कम्पनी, फर्म, व्यक्ति वा संस्थाले जिविसको कार्यालय दोलखाको नाममा रहेको नेपाल बैंक लिमिटेड चरिकोट शाखाको खाता नं. १३००३०००००३२(ग-४-३/२) मा रु. १०००।- जम्मा गरेको स्क्यान कपी (Scan copy,Pdf format) समेत राखी ई सवमिसन (e-Submission) मार्फत पनि बोलपत्र पेश गर्न सकिने छ।
3. यस कार्यालयको प्रथम पटक प्रकाशित सूचनाको मितिले ३० औं दिनसम्म कार्यालय समय भित्र खरिद गरी ३१ औं दिन अर्थात मिति २०७३/०५/२८ गते दिनको १२:०० वजे भित्र दर्ता गरी सक्नु पर्नेछ।
4. न्यूनतम मूल्यबाट सवै भन्दा बढी दर कबोल गर्ने बोलपत्रदाताको बोलपत्र स्वीकृत गरिनेछ। बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।
5. आफूले कबोल गरेको कूल अङ्कको ५(पाँच) प्रतिशतले हुने जमानत बापतको नगद रकम **जिल्ला विकास समितिको कार्यालयको नेपाल बैंक लिमिटेड, चरिकोट शाखा, दोलखामा रहेको धरौटी खाता १३००३०००००३२ (ग–३/२)** मा नगद जम्मा गरेको सक्कल भौचर वा ९० दिन म्याद भएको विडबण्ड जमानी पत्र गोप्य सिलबन्दी बोलपत्रसाथ पेश गर्नु पर्नेछ।
6. सूचना प्रकाशित भएको मितिले ३१ औं दिन अर्थात मिति २०७३/०५/२८ गते दिनको १:०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधिको रोवहरमा जिल्ला विकास समितिको कार्यालयमा खोलिने छ। बोलपत्रदाता वा प्रतिनिधि अनुपस्थित भएमा पनि बोलपत्र खोल्ने कार्यमा बाधा पर्ने छैन। सार्वजनिक विदा परेमा सोको भोलिपल्ट वा कार्यालय खुलेको दिनको १:०० बजे बोलपत्र खोलिनेछ।
7. सवै भन्दा बढी कबोल गर्ने स्वीकृत बोलपत्रदाताले आफूले कबोल गरेको कूल अङ्क बराबरको रकम माथि उल्लेखित धरौटी खातामा जम्मा गरी ३५ (पैतीस) दिन भित्र लिलाम गरिएका सवै सामानहरु जे जस्तो अवस्थामा छ सोही अवस्थामा नै आफ्नै तर्फबाट ढुवानी गरी उठाई लैजानु पर्नेछ। तोकिएको मिति भित्र सामान उठाई नलगेमा धरौटी जफत गरी पुनः लिलाम बिक्री गरिनेछ।
8. लिलामीको सामानहरु द्यइत्त मा उल्लेख भएअनुसारको स्थानहरुमा हेर्न सकिनेछ तथा बोलपत्रदाताले उपरोक्त सामानहरु हेरी, बुझी बोलपत्र पेश गरेको मानिनेछ।
9. व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि पेश गर्नु पर्नेछ।
10. यसमा नपरेका कुराहरुको हकमा स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ बमोजिम हुनेछ।
11. रीत नपुगी वा म्याद नाघी आएका बोलपत्र उपर कुनै कारवाही हुने छैन।
12. यस सम्बन्धमा कुनै जानकारी लिनु परेमा यस कार्यालयको जिन्सी शाखा अथवा मो.नं. ९८४४६७५२० मा सम्पर्क गर्न सकिनेछ।

१८/४/२०७३

स्थानीय विकास अधिकारी